# जिल्ला प्रहरी कार्यालय, कास्की

गैह्रापाटन, पोखरा

आ.व. : २०८२।०८३ मिति २०८३।०३।०२ गते।

प्रेस विज्ञप्ति नं.: १८६ ने.स. ११४६

## प्रेस विज्ञप्ति

## जेष्ठ महिनाको प्रगति विवरण

यस जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत समेतबाट जेष्ठ महिनामा सम्पादित विभिन्न कार्य तथा गतिविधिहरू निम्नानुसार रहेको व्यहोरा सूचित गरिन्छ/ जानकारी गराइन्छ।

### क) अपराध अनुसन्धान तथा नियन्त्रणतर्फ :

**१. अपराध दर्ता सम्बन्धी तथ्याङ्क :**

| जघन्य तथा गम्भीर अपराध | महिला, बालबालिका तथा जेष्ठ नागरिकसंग सम्बन्धित अपराध | आर्थिक अपराध | अन्य अपराध | कुल मुद्दा दर्ता संख्या | पक्राउ परेका चालु मुद्दाका प्रतिवादी संख्या |
|---|---|---|---|---|---|
| २४ वटा | १२ वटा | ९१ वटा | १०३ | २३० वटा | १७४ वटा |

**२. फैसला कार्यान्वयनको तथ्याङ्क :**

| फरार प्रतिवादी पक्राउ संख्या | ठेकिएको कैद तथा जरिवाना | बिगो रकम असुल उपर |
|---|---|---|
| ७० जना (पुरुष ३८ जना, महिला ३२ जना) | १६ वर्ष ५ महिना १९ दिन कैद | रु.१,०७,९०,५६०।- विगो रकम असुल |

**३. महिला वालवालिका तथा जेष्ठ नागरिकतर्फ :**

- सामाजिक हिंसा ठाडो उजुरी संख्या :- ३५ वटा

| उमेर समुह | पिडितको संख्या | पिडकको संख्या |
|---|---|---|
| १८-२५ | ७ जना | ४ जना |
| २६-३५ | १२ जना | १२ जना |
| ३६-४५ | ७ जना | १० जना |
| ४६-६० | ८ जना | १० जना |
| ६० माथी | १ जना | - |
| **जम्मा** | **३५ जना** | **३६ जना** |

- घरेलु हिंसातर्फ : २ वटा

| शारीरिक, मानसिक र आर्थिक | मिलापत्र गराईएको | अदालत/ अन्य कार्यालय गएको | बाँकी |
|---|---|---|---|
| २ वटा | १ वटा | १ वटा | - |

- सबैभन्दा धैरे घटना भएको स्थानीय तह : पोखरा महानगरपालिका
- सबैभन्दा कम घटना भएको स्थानीय तह : रुपा गाउँपालिका

टेलिफोन नं.: +९७७-९८५६०३९५९९, सूचना अधिकारी नं.: +९७७-९८५६०३५५१२, ईमेल: dpokaski@gmail.com

४. हराएका तथा फेला परेका महिला, पुरुष, वालवालिका तथा जेष्ठ नागरिक संख्या :

| विवरण | महिला | पुरुष | बालबालिका | ज्येष्ठ नागरिक | जम्मा |
|---|---|---|---|---|---|
| हराएको निवेदन संख्या | २८ जना | २३ जना | २५ जना | ३ जना | ७९ जना |
| फेला परेका संख्या | १४ जना | १६ जना | २२ जना | २ जना | ५४ जना |
| अघिल्लो महिनामा हराई हाल फेला परेको संख्या | ७ जना | ३ जना | ३ जना | - | १३ जना |

५. ठाडो उजुरीतर्फ :

| प्रत्यक्ष निवेदनबाट प्राप्त उजुरी संख्या | फछर्यौट संख्या |
|---|---|
| ५४७ वटा | ५४७ वटा |

- जिल्ला प्रशासन कार्यालय मार्फत प्रहरी कार्यालयमा आएका उजुरीहरुको संख्या तथा फछर्यौटको तथ्याङ्क :

| जिल्ला प्रशासन कार्यलयबाट प्राप्त उजुरी संख्या | फछर्यौट संख्या |
|---|---|
| २९ वटा | २९ वटा |

६. लागु औषध बरामद (परिमाण तथा पक्राउ) को तथ्याङ्क :

| बरामद भएको लागुऔषध | लागुऔषध सहित पक्राउ संख्या |
|---|---|
| ब्रुफिन-८० एम्पुल, डाईजापाम-८२ एम्पुल, फेनारगन-९३ एम्पुल, IPPL-८ एमपुल, ब्राउनसुगर-५.८३ ग्राम, ट्यापेन्टाडोल-३९,८९९ ट्याबलेट, गाँजा-९ किलो ५०० ग्राम, नाईट्रोभ्याट-३० चक्की नाईट्राजेपाम- ८ चक्की। | लागू औषध मुद्दा दर्ता संख्या : १६ वटा, मानिस पक्राउ : २२ जना (महिला २ जना, पुरुष २० जना) |

७. आत्महत्यातर्फ :

| आत्महत्या गर्न अपनाईएको विधि | संख्या |
|---|---|
| झुण्डिई आत्महत्या | १४ जना |
| बिष खाएर | २ जना |
| हाम फालेर | ३ जना |

**विश्लेषण**

| **उमेर समुह** | **महिला** | **पुरुष** | **जम्मा** |
|---|---|---|---|
| १८ वर्ष भन्दा कम | १ जना | १ जना | २ जना |
| १८-४० बर्ष | १ जना | ६ जना | ७ जना |
| ४०-६० बर्ष | - | ८ जना | ८ जना |
| ६० वर्ष भन्दा माथि | १ जना | १ जना | २ जना |
| **जम्मा** | **३ जना** | **१६ जना** | **१९ जना** |

८. जेष्ठ महिनामा घटेका मुख्य अपराध तथा अनुसन्धानको संक्षिप्त विवरण :

- **लागू औषध Tapentadol Tablet ३८,३४० चक्की सहित १ जना पक्राउ :** मिति २०८३।०२।०३ गते अं.०९:०० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. ५ धारापानी मार्ग स्थित वडा प्रहरी कार्यालय बैदाम कास्कीबाट खटिएको प्रहरी टोलीले जिल्ला कास्की पोखरा म.न.पा. ५ पर्स्याङ बस्ने बर्ष २९ को मनिष शाही ठकुरीको घरकोठाबाट Tapentadol Tablet १०० mg लेखेको ३८,३४० चक्की लागू औषध र नगद रु.१,८९,५००।– (एक लाख उनानब्बे हजार पाँच सय) समेत बरामद भएको हुँदा निजलाई नियन्त्रणमा लिई लागू औषध सम्बन्धी कसूरमा अनुसन्धान भइरहेको।



नेपाल प्रहरी

- **लागू औषध गाँजा सहित २ जना मानिस पक्राउ :** मिति २०८३।०२।०८ गते बिहान अं.०६:२५ बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. १० रंगशाला २ नं. गेट अगाडी जिल्ला प्रहरी कार्यालय कास्की, वडा प्रहरी कार्यालय रामबजार र लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरी टोलीले बाग्मती प्रदेश ०२-०६२ प २०९९ नम्बरको स्कुटर रोकी चेकजाँच गर्दा उक्त स्कुटरको अगाडी भागमा रहेको झोलाभित्र रातो प्लाष्टिक भित्र पहेँलो टेपले बेरीएको अवस्थामा लुकाई छिपाई राखेको लागू औषध गाँजा ५ किलो १५० ग्राम बरामद भएको र उक्त स्कुटर चालक जिल्ला धादिङ थाक्रे गा.पा. वडा नं. २ माधव बेशी बस्ने वर्ष ५३ को कामी तामाङ र पछाडी सवार जिल्ला मकवानपुर हेटौडा महानगरपालिका वडा नं. ८ बस्ने वर्ष ३० की बर्षा अर्याल पुरीलाई नियन्त्रणमा लिई सम्मानित कास्की जिल्ला अदालतबाट लागू औषध सम्बन्धी कसूरमा म्याद थप गरी अनुसन्धान भइरहेको।
- **लागू औषध गाँजा सहित २ जना मानिस पक्राउ :** मिति २०८३।०२।०७ गते अं.१५:३० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. ४ फिर्केपुल स्थित जिल्ला प्रहरी कार्यालय कास्की, वडा प्रहरी कार्यालय बगर र लागू औषध नियन्त्रण व्यूरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरी टोलीले जिल्ला कास्की अन्नपुर्ण गा.पा. ८ दाङसिंह बस्ने बर्ष २९ को हरी नेपालीको साथबाट लागू औषध गाँजा १ के.जी. ७०० ग्राम र ऐ.ऐ. बस्ने वर्ष २५ को शरण वि.क.को साथबाट लागू औषध गाँजा १ के.जी. ७०० ग्राम गरी जम्मा ३ के.जी. ४०० ग्राम बरामद भएको हुँदा निजहरुलाई पक्राउ गरी सम्मानित कास्की जिल्ला अदालतबाट लागू औषध सम्बन्धी कसूरमा म्याद थप गरी अनुसन्धान भइरहेको।
- **सुनका गरगहनाहरु चोरी गर्ने २ जना पक्राउ :** मिति २०८३।०२।०५ गते दिउँसो अं.१२:५० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. १८ खपौदी बस्ने सचिन्द्री राजवंशीको घरकोठा फोडी घर भित्र रहेको बिभिन्न सुनका गरगहना अन्दाजी ५ तोला र मोबाईल, घडी, पर्स, भारतीय रकम समेत गरी कुल बिगो अं. रु.१८,१७,५२५।- बराबरको धनमाल चोरी भएको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरी टोलीले चोरी गर्ने जिल्ला कास्की पोखरा म.न.पा. वडा नं.७ प्रगतीटोल बस्ने बर्ष २७ को साजन सुनार र चोरीका गरगहना खरिद गर्ने जिल्ला पर्वत कुश्मा न.पा. वडा नं. १० स्थायी वतन भई हाल जिल्ला कास्की पोखरा ८ सृजनाचोक स्थितमा सुनचाँदी पसल संचालक बर्ष ५६ को नारायण लाल बि.क.लाई मिति २०८३।०२।०९ गते पक्राउ गरी चोरी सम्बन्धी कसूरमा अनुसन्धान भइरहेको।
- **चोरी गर्दा गर्दै १ जना मानिस पक्राउ :** मिति २०८३।०२।२२ गते दिउँसो ११:३० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं.२६ माझको डाँडा स्थित धन बहादुर खड्काको घरमा कोही नभएको मौकापारी घरको मुलढोका र घरभित्रको कोठाको ताल्चा फोडी धनमाल चोरी गर्दै गरेको अवस्थामा स्थानीय व्यक्तिहरुले देखि प्रहरीलाई खबर गर्दा भागेको अवस्थामा तत्काल ईलाका प्रहरी कार्यालय शिशुवाबाट खटिएको प्रहरी टोलीले ताल्चा तोडफोड गर्न प्रयोग गर्ने फलामको औजार सहित जिल्ला काभ्रेपलाञ्चोक, नमोबुद्ध न.पा. वडा नं. ११ बस्ने बर्ष ३६ को राजन तामाङलाई नियन्त्रणमा लिई सम्मानित कास्की जिल्ला अदालतबाट चोरी तथा डाँका उद्योग सम्बन्धी कसूरमा म्याद थप गरी अनुसन्धान भइरहेको।
- **आपराधिक गतिविधिमा संलग्न ७ जना विदेशी नागरिकहरु पक्राउ :** जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत समेतबाट खटिएको प्रहरी टोलीले विभिन्न मितिमा आपराधिक गतिविधिमा संलग्न १ जना बंगलादेशी नागरिक, २ जना युगाण्डा देशका नागरिक, १ जना युक्रेन देशका नागरिक र १ जना केन्या देशका नागरिकलाई पक्राउ गरी अभद्र व्यवहार सम्बन्धी कसूरमा अनुसन्धान गरी बंगलादेशी नागरिकको अनुसन्धान भइरहेको, अन्यलाई अनुसन्धान पश्चात आवश्यक कारवाहीको लागि अध्यागमन विभाग पठाइएको र २ जना भारतिय नागरिकलाई ज्यान मार्ने उद्योग सम्बन्धी कसूरमा पक्राउ गरी अनुसन्धान भइरहेको।

**१. अपराध न्यूनिकरणका लागि भएका प्रयासहरु :**

- अपराध अनुसन्धान गर्ने प्रहरी कार्यालयहरु र अपराधको अभियोजन गर्ने जिल्ला सरकारी वकिल कार्यालय बीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरिएको।

- अपराध अनुसन्धान क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीहरुलाई समय सापेक्ष कानूनी ज्ञान दिलाउन अनुशिक्षण गरिएको।
- Crime Hot spot Map तयार गरी सोही अनुसार बढी घटना भएका स्थानहरुमा सचेतना मुलक कार्यक्रमहरु गरिएको।
- नियमित रुपमा सादा पोसाकमा प्रहरी परिचालन गरी सूचना संकलन, फरार प्रतिवादी पक्राउ तथा लागू औषध नियन्त्रण कार्यमा खटाईएको।
- बिभिन्न स्थानीय निकाय तथा बिद्यालयसंग समन्वय गरी प्रशिक्षण कार्यक्रमहरु संचालन गरिएको।

## ख) शान्ति सुरक्षा तथा प्रहरी कार्यतर्फ :

### १. नियमित प्रहरी परिचालन तथ्याङ्क :

| विवरण | पिकेट | चेकिङ | मोवाईल गस्ति | मो.सा. गस्ति | ग्रामिण गस्ति | LRP गस्ति | SRP गस्ति | पैदल गस्ति |
|---|---|---|---|---|---|---|---|---|
| परिचालित संख्या | २०१५ | २२० | १४५७ | २४१८ | १३४ | ६ | ९६४ | १५८१ |
| खटिएको प्रहरी संख्या | ३५०३ | १५७३ | ६१६९ | ४८३६ | २७२ | २९ | २३६२ | ३१६२ |

### २. विशेष परिस्थितिहरुमा प्रहरी परिचालन तथ्याङ्क :

| विभिन्न राजनैतिक कार्यक्रमहरु | ज्ञापन पत्र बुझाएको | अन्य राजनैतिक कार्यक्रम | धर्ना | जम्मा |
|---|---|---|---|---|
| कार्यक्रम संख्या | २ | ५ | ४ | ११ |
| प्रहरी परिचालन संख्या | २० | १९४ | ४६ | २६० |

**अन्य कार्यक्रम तथा मेलापर्वमा प्रहरी परिचालन :**

- **फिर्के खोला अतिक्रमण हटाउने कार्यको सुरक्षा :** पोखरा महानगरपालिकाले सञ्चालन गरेको जिल्ला कास्की पोखरा महानगरपालिका अन्तर्गत फिर्के खोला अतिक्रमण गरी बनाईएका संरचना हटाउने कार्यमा यस कार्यालय तथा मातहत समेतबाट ६५९ जना प्रहरी परिचालन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाइएको।

### ३. सवारी दुर्घटना तर्फ :

| सवारी दुर्घटना संख्या | संलग्न सवारी संख्या | प्रहरीद्वारा उद्धार भएका घटना संख्या | मृत्यु / घाईते | चेकिङको क्रममा कारवाही र राजश्व | विश्लेषण |
|---|---|---|---|---|---|
| १५ वटा | २४ वटा | १५ वटा | मृत्यु – ६ जना<br>घाईते- ३० जना | कारवाही- ७०२१ वटा<br>राजश्व- रु.५६,३५,०००।- | तिब्र गतिको कारण- ७ वटा<br>मा.प.से.गरी चलाएको- ३ वटा<br>स.चा.अ. नभएको –३ वटा<br>अन्य – २ वटा |

### ४. विपद् व्यवस्थापन तर्फ :

| विवरण | घटना संख्या | खटिएको प्रहरी संख्या | मानविय क्षति | अन्य क्षति |
|---|---|---|---|---|
| आगलागी | २ वटा | १७ जना | नभएको | अं. मुल्य रु.१३,००,०००।– बराबरको क्षति |
| हावाहुरी | ११ वटा | १९ जना | ३ जना घाईते | ३ वटा घर, १७ वटा गोठ, १ वटा स्कुल र १ वटा पुलमा आंशिक क्षति भएको। |

**५. प्राकृतिक सम्पदा दोहन नियन्त्रण तर्फ :** १५ वटा सवारी साधनलाई नियन्त्रणमा लिई कारवाहीको लागि स्थानिय तहमा पठाइएकोमा रु.२,६५,०००।– राजश्व कारवाही भएको।

टेलिफोन नं.: +९७७-९८५६०३९५९९, सूचना अधिकारी नं.: +९७७-९८५६०३५५१२, ईमेल: dpokaski@gmail.com

### ६. अबैध मदिरा नियन्त्रण तर्फ:

| बरामद मदिराको परिमाण | विवरण |
|---|---|
| ३७ लिटर | मदिरा नष्ट गरिएको। |

### ७. समुदाय तथा विद्यालय केन्द्रित कार्यक्रम तर्फ :

- समुदाय केन्द्रित कार्यक्रमहरु :

| सि.नं. | विषय | कार्यक्रम संख्या | सहभागी संख्या | प्रशिक्षकको नाम |
|---|---|---|---|---|
| १ | लागु औषध दुर्व्यसनी नियन्त्रण | १६ | ५१२ | जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत समेतमा कार्यरत प्रहरी उपरीक्षकदेखि प्रहरी जुनियर अधिकृतसम्मले प्रशिक्षित गर्नु भएको। |
| २ | साइवर अपराध | २३ | ७३९ | |
| ३ | आत्महत्या रोकथाम | १४ | ३२० | |
| ४ | जबरजस्ती करणी / मानव वेचविखन | १५ | २९९ | |
| ५ | लैङ्गिक हिंसा | ४ | ९९ | |
| ६ | सडक सुरक्षा | २० | ४५५ | |
| ७ | घरेलु हिंसा | ९ | १६० | |
| ८ | बालबालिका माथी हुने अपराध | ४ | ७४ | |
| ९ | बहु विवाह / बाल बिवाह सम्बन्धी | ८ | १०९ | |
| १० | महिला हिंसा | २ | १५१ | |
| ११ | चोरी नियन्त्रण | ५ | १०६ | |
| १२ | Safety Pin/ आधारभूत सुरक्षा | १ | २४ | |
| १३ | सामुदायिक अभिमुखिकरण बैठक | २ | २३ | |
| १४ | पीडित सम्पर्क कार्यक्रम | ७ | १२३ | |
| १५ | नागरिक सुनुवाई कार्यक्रम | १ | ११० | |
| १६ | जिल्ला स्तरिय लैंगिक हिंसा नियन्त्रण सञ्जाल समितिको बैठक र समुदाय प्रहरी साझेदारी जिल्ला स्तरिय समितिको बैठक | २ | ३५ | |
| १७ | अन्य कार्यक्रमहरु | ९ | ४३२ | |
| **जम्मा** | | **१४२** | **३,७७१** | |

- विद्यालय केन्द्रित कार्यक्रमहरु

| सि.नं. | विषय | कार्यक्रम संख्या | सहभागी संख्या | प्रशिक्षकको नाम |
|---|---|---|---|---|
| १ | साईबर अपराध सम्बन्धी | ६ | ३६० | जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत समेतमा कार्यरत प्रहरी उपरीक्षक देखि प्रहरी जुनियर अधिकृतसम्मले प्रशिक्षित गर्नु भएको। |
| २ | सडक सुरक्षा सम्बन्धी | २ | १०५ | |
| ३ | बालबालिका माथी हुने अपराध | १ | ३५ | |
| ४ | बाल यौन दुरुपयोग सम्बन्धी | २ | ९३ | |
| ५ | विद्यार्थीसंग १ दिन कार्यक्रम | १ | ५१ | |
| ६ | लागू औषध दुर्व्यसनी सम्बन्धी | १ | ६४ | |
| ७ | अन्तर पालिका स्तरिय वक्तृत्वकला | १ | ४७० | |

| | | | | |
|---|---|---|---|---|
| | प्रतियोगिता संचालन | | | |
| ८ | बाल बिवाह | १ | ४० | |
| **जम्मा** | | **१५** | **१,२१८** | |

**८. नागरिकता, हातियार नवीकरण तथा अन्य कागजातका लागि गरिएको मुचुल्का संख्या** : **८८ वटा।**

**९. प्रहरी कार्यालयको हटलाईन वा डि.अ. को सम्पर्क नम्बरहरुमा आएको कल संख्या : ८११५ वटा।**

**१०.सेवाग्राहीहरुको कुल संख्या** : **१२,६४४ जना** (महिला- ४५२६ जना, पुरुष- ८११८ जना)।

**११.नागरिक सुनुवाई कार्यक्रम** : **१ वटा** (जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ३० रामबजार)

## ग) अन्य तर्फ

**१. प्रहरी कर्मचारीहरुको मनोवल वृद्धि गर्न गरिएका क्रियाकलापहरु :**

- **प्रहरी कर्मचारीहरुलाई पुरस्कृत :** प्रहरी कर्मचारीहरुलको मनोबल उच्च राख्नको लागि राम्रो काम गर्ने प्रहरी कर्मचारीहरुलाई तत्काल पुरस्कृत गर्ने नीति अनुसार जेष्ठ महिनामा ३१ जना प्रहरी कर्मचारीहरुलाई पुरस्कृत गरिएको।
- **सामुहिक खाना कार्यक्रम :** जिल्ला प्रहरी कार्यालय कास्कीको आयोजनामा कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुले महिनाको एक पटक एकै स्थानमा सामुहिक खाना तथा खाजा कार्यक्रम संचालन गरिएको।
- **Tea with Team कार्यक्रम संचालन:** जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीले साप्ताहिक रुपमा प्रत्येक शुक्रबार विहानको समयमा सम्पुर्ण प्रहरी कर्मचारीहरुले १ हप्तामा गरिने कार्यक्रमहरुको विषयमा समिक्षा तथा घटेका घटनाको बारेमा छलफल गर्ने उद्देश्यले सम्पुर्ण प्रहरी कर्मचारीहरुको सामुहिक रुपमा Tea with Team कार्यक्रम संचालन गरिएको।

**२. नवप्रवर्द्धनात्मक तथा रचनात्मक क्रियाकलापहरु :**

- **फुटपाथको पार्किङ हटाउने अभियान :** जिल्ला कास्की पोखरा माहानगर स्थित नयाँबजार, पृथ्वीचोक, सभागृह, न्यूरोड, महेन्द्रपुल, चिप्लेढुङ्गा एरियामा सर्वसाधरण तथा फरक क्षमता भएका व्यक्तिहरुलाई हिँडडुल नै गर्न असहज हुने गरी जथाभावी फुटपाथमा पार्किङ गरी राख्ने सवारी साधनहरुलाई नियन्त्रणमा लिई कारवाही गर्ने गरी जि.प्र.का.कास्की, जि.ट्रा.प्र.का. कास्की लगायत पोखरा महानगर प्रहरी समेतको संयुक्त टोलीले फुटपाथमा पार्किङ गरी राखेका ११४८ वटा सवारी साधनलाई नियन्त्रणमा लिई कारवाही गरिएको।
- **सवारी दुर्घटना न्यूनीकरणको लागि जनचेतनामूलक बोर्डहरु राखिएको :** विभिन्न स्थानहरुमा हुने सवारी दुर्घटना न्यूनीकरणको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय र सरोकारवाला निकायहरुको समन्वयमा २१ स्थानमा नो पार्किङ बोर्ड, १ स्थानमा स्टप, लुक एण्ड गो बोर्ड, २ स्थानमा गति सिमित बोर्ड, १ स्थानमा यात्रु ओराल्ने/ चढाउने मात्र बोर्ड, १ स्थानमा दुर्घटना ग्रस्त क्षेत्र लेखिएको बोर्डहरु राखिएको।
- **स्वीप अप्रेसन :** जिल्ला प्रहरी कार्यालय तथा मातहत समेतबाट मिति २०८३।०२।२४ गते र ३० गते सञ्चालन गरिएको 'स्वीप अप्रेसन' मा ३८ जना मानिसहरु र ७ वटा सवारी साधन नियन्त्रणमा लिई आवश्यक कारवाही गरिएको।
- **'Operation 365' निरन्तरता :** जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत समेतबाट सञ्चालन गरिएको Operation 365 अन्तर्गत जेष्ठ महिनामा १३ वटा सवारी साधनलाई नियन्त्रणमा लिई आवश्यक कारवाही गरिएको।

...............................

प्रहरी नायव उपरीक्षक

(बिरेन्द्र कुमार पासवान)

सूचना अधिकारी